नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक




वर्ष ३४ अंक ५० २०८१ साल भदौं ३० गते आइतबार (15 Sep. 2024 Sunday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

*यस अंक भित्र :* २ पृष्ठमा : पहिरो रोकथामका लागि... ३ पृष्ठमा : 'बालश्रम शोषण व्यवहारमै... ३ पृष्ठमा : कश्मिरमा विधानसभा निर्वाचन ...

## जिल्ला बार एशोसिएशनको अध्यक्षमा कामेश्वर यादव निर्वाचित

**दैनिक समाचारदाता**
**राजविराज, २९ भदौं ।**

सप्तरी जिल्ला अदालत बार एशोसिएशनको अध्यक्ष पदमा प्रगतिशिल लोकतान्त्रिक समावेशी तथा पेशागत कानुन व्यवसायी समूहका कामेश्वर यादव निर्वाचित भएका छन् ।

कामेश्वरले ५२ मत ल्याउँदा उनका निकटत्तम प्रतिद्वन्दी प्रगतिशिल पेशागत समावेशी तथा लोकतान्त्रिक समूहका उपेन्द्र प्रसाद यादवले ४४ मत प्राप्त गरे ।

शनिबार बिहान ९ बजेदेखी सुरु भएको मतदान साँझ ४ बजे सकिए लगत्तै मतगणना सुरु गरिएको थियो । शनिबारै बेलुका घोषित परिणाम अनुसार सचिव पदमा प्रगतिशिल लोकतान्त्रिक समावेशी तथा पेशागत कानुन व्यवसायी समूहका रामएकवाल मण्डल निर्वाचित भएका छन् । मण्डलले ६१ मत ल्याउँदा



**जिल्ला बारका नवनिर्वाचित अध्यक्ष कामेश्वर यादव**

निकटत्तम प्रतिद्वन्दी प्रगतिशिल पेशागत समावेशी तथा लोकतान्त्रि समूहका सुरेश कुमार सिंहले ३८ मत मात्र प्राप्त गरे ।

यस्तै सदस्य पदमा कामेश्वर समूहकै लबेन्द्र प्रसाद देव, धिरेन्द्र लाल, रामनरेश चौधरी, शिवनारायण यादव तथा उपेन्द्र समूहका बिरबहादुर कडारी निर्वाचित भएका छन् ।

यस्तै केन्द्रिय पार्षदमा उपेन्द्र समूहका महेन्द्र प्रसाद देव, शंकर कुमार मिश्र, केशरलाल खंग, रमाकान्त चौधरी तथा कामेश्वर समूहका ध्रुव कुमार मण्डल निर्वाचित भएका छन् । सो पदमा रमाकान्त चौधरी र मनु खनाल दुबैको ५२/५२ मत आएपछि गोलाप्रथा प्रणाली अपनाइएको थियो । जसमा रमाकान्त चौधरीले बाजी मारे ।

यसअघि उपाध्यक्ष पदमा मिस्टर चौधरी, सहसचिव पदमा शैलजा कुमारी साह र कोषाध्यक्ष पदमा निलम कुमारी यादव निर्विरोध निर्वाचित भइसकेका छन् ।

नयाँ कार्यसमितिको कार्यकाल दुई वर्षको हुने छ । निर्वाचनमा कुल १ सय ३ मतदाता रहेकोमा ९८ मत खसेको निर्वाचन समितिका संयोजक केशव दासले जानकारी दिए । एक अध्यक्ष, एक सचिव तथा पाँच सदस्य र पाँच केन्द्रिय पार्षद गरि १२ पदका लागि निर्वाचन भएको थियो ।

## पत्रकार महासंघको निर्वाचन कार्यतालिका सार्वजनिक

**दैनिक समाचारदाता**
**राजविराज, २९ भदौ ।**

नेपाल पत्रकार महासंघको निर्वाचनका लागि शनिबार साँझ कार्यतालिका सार्वजनिक भएको छ । केन्द्रीय निर्वाचन समितिले निर्वाचन कार्यतालिका सार्वजनिक गरेको हो ।

जारी निर्वाचन कार्यतालिकाअनुसार आगामी असोज ४ गते बिहान १० देखि अपराह्न ३ बजेसम्म मनोनय दर्ताको कार्यक्रम छ । सोही दिन साँझ ५ बजे उम्मेदवारको नामावली प्रकाशन हुनेछ । असोज ४ गते साँझ ५ देखि असोज ५ गते अपराह्न २ बजेसम्म उम्मेदवारमाथिको दाबीविरोध तथा असोज ४ गते साँझ ५ देखि असोज ५ गते अपराह्न ४ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने कार्यतालिका छ ।

यसैगरी असोज ५ गते साँझ ६ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने र असोज १२ गते बिहान ९ बजेदेखि अपराह्न ४ बजेसम्म मतदान तथा मतदान समाप्त भएपश्चात मतगणना गर्ने कार्यतालिका छ ।

यस्तै प्रदेश समितिको मनोनयन आगामी असोज ८ गते बिहान १० देखि अपराह्न ३ बजेसम्म र संस्थागत समिति, जिल्ला शाखा र प्रतिष्ठान शाखाको मनोनयन आगामी असोज १० गते बिहान १० देखि अपराह्न ३ बजेसम्म हुने केन्द्रीय निर्वाचन समितिले जनाएको छ ।

यसैबीच केन्द्रीय निर्वाचन समितिले आसन्न निर्वाचनका लागि महासङ्घको केन्द्रीय समितिबाट यही भदौ २८ गते प्राप्त संशोधित मतदाता नामावली समेत सार्वजनिक गरेको छ ।

## मैत्रीपूर्ण क्रिकेट वर्षाले प्रभावित



**दैनिक समाचारदाता**
**राजविराज, २९ भदौं ।**

सप्तरी क्रिकेट संघले शनिबार आयोजना गरेको मैत्रीपूर्ण टि-ट्वाइन्टी क्रिकेट प्रतियोगिता वर्षाले प्रभावित भएको छ ।

६० औं राष्ट्रिय बाल दिवसको अवसर पारेर क्रिकेट संघ सप्तरीले राजविराजस्थित पब्लिक बिन्देश्वरी माध्यमिक विद्यालयको खेल मैदानमा आयोजना गरिएको मैत्रीपूर्ण क्रिकेट प्रतियोगिता वर्षाले प्रभावित भएको हो ।

क्रिकेट खेलप्रति बालबालिकाको आकर्षण बढाउन आयोजना गरिएको सो खेल यस्एक इनिङ खेलाइपनि वर्षाले थप खेल सम्भव नभएपछि रोकिएको प्रतियोगिता मंगलबार खेलाइने आयोजक क्रिकेट संघ सप्तरीले जनाएको छ ।

विद्यालयस्तरबाटै क्रिकेटप्रति आकर्षण बढाउन संघद्वारा जिल्लामा संचालित "क्रिकेट फोर इक्युलिटि" कार्यक्रममा प्रशिक्षण लिँदै गरेको बालबालिकाहरुलाई दुई समूहमा विभाजित गरी प्रतियोगितात्मक मैत्रीपूर्ण क्रिकेटको आयोजना गरिएको संघका सचिव चन्दन कुमार यादवले जानकारी दिए ।

यस्ता प्रतियोगिताले बालबालिकामा क्रिकेट खेलप्रति आकर्षणसँगै उत्साह बढाउने काम गर्ने भएपनि वर्षाले बीचमै खेल रोकिनु परेको प्रशिक्षक धर्मेन्द्र चौधरीले बताए ।

## अधिकारको माग गर्दै दलित युवाको अर्धनग्न प्रदर्शन

काठमाडौँ, २९ भदौ (रासस) ।

समानुपातिक समावेशी प्रतिनिधित्वलगायत दलितहरूको आत्मसम्मान र सशक्तिरणका लागि संविधानप्रदत्त अधिकार कार्यान्वयनको माग गर्दै दलित युवाहरूले अर्धनग्न प्रदर्शन गरेका छन् ।

यहाँस्थित माइतीघर मण्डलामा विगत ३९ दिनदेखि आन्दोलन गरिरहेका युवाहरूले शनिबार अर्धनग्न जुलुस गर्दै आफ्ना मागबारे पुनः ध्यानाकर्षण गराएका हुन् ।

एक दर्जनभन्दा बढी अर्धनग्न र अन्य सहभागी प्रदर्शनकारीले माइतीघरदेखि बानेश्वरसम्म विभिन्न नारा लगाएर प्रदर्शन गरेका थिए । प्रदर्शनकारीले 'प्रजातन्त्र आयो दलितलाई खै ? लोकतन्त्र आयो दलितलाई खै ? गणतन्त्र आयो दलितलाई खै ? संविधान आयो दलितलाई खै ? व्यवस्था फेरियो दलितलाई खै ?' जस्ता नारा लगाएका थिए ।

'दलितका लागि दलित अभियान नेपाल' का संयोजक खगेन्द्र सुनारले दलितलाई समान अवसर र अधिकारको पालना नभएको भन्दै आफूहरू ३९ दिनदेखि आन्दोलनमा रहे पनि हालसम्म सम्बन्धित निकायबाट कुनै सुनुवाइ नगरेको गुनासो गर्नुभयो । त्यसैकारण शनिबार अर्धनग्न प्रदर्शन गर्नु परेको उहाँले बताउनुभयो ।

आन्दोलनकारीले संविधानको व्यवस्थाअनुसार सबै तहका मन्त्रिपरिषद्, नीति निर्माणका तह, निकाय तथा नियुक्तिलगायत राज्यका सबै तहमा जातीय जनसङ्ख्याका आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनुपर्ने, शिक्षा, स्वास्थ्य, रोजगारी, भूमि, आवासलगायत अधिकारको कार्यान्वयन गरिनुपर्ने माग राख्दै आन्दोलन गरिरहेका छन् ।

## जापानिज इन्सेफ्लाइटिसबाट १४ जनाको मृत्यु

काठमाडौँ, २९ भदौ (रासस) ।

जापानिज इन्सेफ्लाइटिसको सङ्क्रमणबाट १४ जनाको मृत्यु भएको छ । स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाको बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले जापानिज इन्सेफ्लाइटिसले अहिलेसम्म १४ जनाको मृत्यु भएको जानकारी दिनुभयो ।

डा गौतमका अनुसार अहिलेसम्म ६१ जनालाई जापानिज इन्सेफ्लाइटिसको सङ्क्रमण देखिएको छ । ती सबैको नमूना परीक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा गरिएको थियो । उहाँले भदौ १५ देखि असोज १५ सम्म जापानिज इन्सेफ्लाइटिस्को उच्च जोखिम रहेकाले सजकता अपनाउन आग्रह गर्नुभयो ।

सामान्यता साउनदेखि कात्तिकसम्म जापानिज इन्सेफ्लाइटिस देखिन्छ तर जापानिज इन्सेफ्लाइटिस सार्ने पोथी प्रजातिको 'क्युलेक्स' लामखुट्टेले पानी जम्ने र फुल पार्ने भएकाले असोज १५ गतेसम्म जोखिम नै रहेको डा गौतमको भनाइ रहेको छ ।

महिनामा धान खेतमा जम्मा हुने पानीमा ती प्रजातिका लामखुट्टेले फुल पार्ने र ती फुलबाट लामखुट्टेले सुँगुर र हाँसलाई टोकेर आफूमा सङ्क्रमण सार्दछन् र ती सङ्क्रमित लामखुट्टेले मानिसलाई टोकेपछि रोग सार्ने गर्दछ ।

'क्युलेक्स' लामखुट्टेले फोहर पानीमा फुल पार्ने गर्दछ । जापानिज इन्सेफ्लाइटिस् 'क्युलेक्स' प्रजातिको लामखुट्टेले टोकेको ६ देखि १६ दिनसम्म लक्षण देखापर्ने डा बताउनुभयो । सरकारले सन् २०१६ देखि नै जन्मेको १२ महिनाका बालबालिकालाई जापानिज इन्सेफ्लाइटिस् विरुद्धको खोप दिँदै आएको छ ।

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु । - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु । - आँखाको गेडी दुख्नु । - अत्याधिक टाउके दुख्नु । - शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं । - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं । - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । - पानी राखेको भाँडालाई छोपेर राखौं । - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**अनुरोधकर्ता : बोदेबर्साइन नगरपालिका, सप्तरी**

## सम्पादकीय

### बाल दिवस औपचारिक्तामा सीमित

नेपालले संयुक्त राष्ट्र सङ्घीय बालअधिकारसम्बन्धी महासन्धिलाई अनुमोदन गरेको दिनको स्मरण गर्दै मनाइने राष्ट्रिय बाल दिवस नेपालमा औपचारिक्तामा सीमित भएको छ। नेपालमा हरेक वर्ष भदौ २९ गते बालबालिका मनाइने गरिन्छ। अहिले यस दिवसलाई खासै महत्व दिइदैन। जबकी बाल दिवस प्रत्येक विद्यालयले महोत्सवका साथ मनाउने हो। कीन भने बालबालिकाको प्रारम्भिक शिक्षा विद्यालयबाटै प्राप्त हुनेगर्छ।

यता मुलुकमा बालबालिकाको वास्तविक अवस्था, बालबालिकाहरूको महत्वबारे जागरुकता बढाउन र उनीहरूको भविष्य उज्वल बनाउँदै उनीहरूको अवस्थामा सुधार ल्याउन बाल दिवसको सान्दर्भिकता र उपादेयता महत्वपूर्ण रहेको छ। नेपालको संविधान, २०७२ को मौलिक हक र कर्तव्यसम्बन्धी भाग ३ को धारा ३९ मा बालबालिकाको हक सुनिश्चित गरेको छ। संविधानले प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामाकरण र जन्मदर्ता, परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकाससम्बन्धी हकको व्यवस्था गरेको छ।

कुनै पनि मुलुकमा बालबालिका कमजोर, गरिब र खराब पालनपोषण भएको अवस्थामा त्यस मुलुकको विकास प्रभावित हुन सक्छ, यो तथ्य र विषयलाई हामी सबैले चिन्तन र मनन गर्न आवश्यक छ। अहिले मुलुकको ठूलो चुनौती बाल श्रम र अन्य सबै प्रकारको सामाजिक शोषण/हिंसाबाट बालबालिकाहरूलाई बचाउनु रहेको छ। तसर्थ बालदिवसको औचित्यलाई मनन् गरी सरोकारवाला निकायले यसलाई महोत्सवको रुपमा मनाएर यसको महत्वलाई जिवित राख्नु जरुरी छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# पहिरो रोकथामका लागि भेटिभर खेती

**कृष्ण अधिकारी**
काठमाडौँ, २९ भदौ (रासस)।

विश्वमै जलवायु परिवर्तनले सङ्कट निम्त्याएको छ। यो सङ्कटबाट नेपाल पनि अछुतो छैन। नेपाल आर्थिक समृद्धिका मार्गमा अघि बढिरहँदा विकास निर्माणमा सधैँ आर्थिक तथा पर्यावरणीय समस्या झेल्दै आएको छ। बाढी, पहिरो, नदी कटानजस्ता समस्या हरेक वर्ष बढ्दै गएको छ। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम/सङ्कट निवारण तथा पुनर्लाभ ब्युरोका अनुसार बाढी र पहिरो जोखिमको हिसाबले विश्वमा नेपाल ३०औं स्थानमा पर्छ। राष्ट्रिय जलवायु परिवर्तन सर्वेक्षणको पछिल्लो तथ्याङ्कअनुसार जलवायु परिवर्तनका कारण नेपालले पछिल्लो पाँच वर्षमा रु चार खर्बभन्दा बढी नोक्सानी बेहोरेको छ। तथ्याङ्कानुसार वार्षिक रु ८३ अर्ब बराबरको क्षति हुने गरेको छ। जलवायुजन्य विपद्ले भौतिक पूर्वाधार, खाद्य सुरक्षा, रोग तथा कीटाणुलगायत विभिन्न माध्यमबाट क्षति पुऱ्याएको पाइएको छ।

नेपालको भौगोलिक बनावटका कारण मनसुनसँगै पहिरो जाने र पहिरोसँगै कृषि अनुकूल मलिलो माटो बगेर जाँदा अत्यधिक भूक्षयको अवस्था छ। एकातिर प्राकृतिक रुपमै बाढी, पहिरो, डढेलो, भूक्षयलगायत प्रकोपको समस्या देखिएको छ भने अर्कोतिर विकास निर्माणका नाममा गरिएका कार्यहरुले पनि यो समस्यालाई अझ बढाएको छ। त्यसबाट हुने मानवीय तथा प्राकृतिक क्षति प्रत्येक वर्ष बढ्दै गएको छ। राजमार्ग, रेलमार्ग, पुल, बाँध तथा पोखरी, विभिन्न निर्माणस्थल, नहर, नाली आदि भौतिक पूर्वाधारहरु निर्माण गर्दा बायो-इन्जिनियरिङ प्रविधिलाई अनुशरण गरेको खण्डमा धेरै हदसम्म यो समस्यालाई न्यूनीकरण गर्न गर्न सकिन्छ। बायो-इन्जिनियरिङमा सबैभन्दा उपयुक्त विकल्प भनेको त्यस्ता पहिरो वा बाढीको जोखिम रहेका स्थानमा भेटिभर वनस्पति लगाउनु हो।

विश्वव्यापीरुपमै यो अभ्यास प्रभावकारी देखिएको विभिन्न अध्ययनहरुले पुष्टि गरेका छन्। नेपालमा पनि केही वर्षयता पहिरो नियन्त्रण, भूक्षण रोकथाम तथा नदी कटान रोकथाममा भेटिभर लगाउन थालिएको छ। भेटिभरको तटबन्धले बाढीपहिराका कारण बगरमा परिणत हुँदै गएका खेतीयोग्य जमिनलाई संरक्षण गरी पुनः कृषि भूमिका रूपमा पुनःस्थापना गर्छ। नयाँ सडक निर्माण सक्नसाथ दायाँ-बायाँका भूभागमा यसलाई लगाए माटो बग्न र पहिरो झर्न रोकिन्छ। हाल ढलान स्थरीकरणको कार्यमा रिटेनिङ्ग कंक्रिट पर्खाल प्रभावकारी नभएको उदाहरण मुग्लिन नारायणगढ सडकमा बर्षौंदेखि भोग्दै देख्दै आइरहेका छौं। पृथ्वी राजमार्गको कृष्णभीरको पहिरो होस् वा नारायणगढ-बुटबल खण्डमा पहिरोबाट सवारी दुर्घटना हुँदा धेरैको अकालमा ज्यान गएको छ। खासगरी वर्षायाममा देशका अन्य मुख्य वा ग्रामीण तथा कृषि सडकको तल वा माथिबाट जाने पहिरोले यातायात अवरोध हुने गर्दछ। त्यस्ता सडकका तल माथि भेटभर लगाउन सकिएमा पहिरो र भूक्षय रोक्न यसले जैविक पर्खालको काम गर्छ, जुन हामीले प्रयोग गर्ने कंक्रिट पर्खालभन्दा निकै किफायती, बलियो र सस्तो छ।

पहिरो पन्छाउन ठूलाठूला मेसिनको व्यवस्थापन भन्दा त्यस्ता सम्भावित ठाउँमा भेटिभर लगाउन सकिएमा पहिरो रोक्न बर्सेनि हुने करोडौं खर्चको बचत हुनुहुको साथै समस्याको दीर्घकालीन समाधान हुनसक्छ। ठूलाठूला जलविद्युत् आयोजना बनाउँदा आयोजना गृह आसपासमा भेटिभर लगाउँदा त्यसले जमिनलाई बजबुत गराउँछ। यसको राम्रो उदाहरण राष्ट्रिय गौरवको आयोजना काठमाडौँ तराई मधेस दुर्तमार्गमा देख्न सकिन्छ। नेपाली सेनालेनिर्माण गरिरहेको यस राजमार्गको चुरे क्षेत्रको विभिन्न ठाउँमा पाँच किलोमिटरभन्दा बढी सडकको दायाँबाँया भेटिभर नेपालद्वारा जैविक प्रविधिअन्तर्गत भेटिभर विरुवा लगाइएको छ। भेटिभरले यहाँको भिरालो जमिनलाई बाढी, पहिरो तथा भूक्षय हुनबाट अत्यन्त प्रभावकारी भूमिका खेलेको छ।

तराईमा तटबन्धका लागि सरकारले वर्षेनी अर्बौं रुपैयाँ लगानी गरे पनि त्यसले दिगो समाधान दिन सकेको छैन। बाढीले खेत पुरेर बगर बनाउँदा वर्षेनी खेतीयोग्य जमिन घट्दै गएको छ। त्यस्ता बाढीजन्य स्थानहरुमा नदी आसपास भेटिभर रोप्न सके कटानलाई रोक्न सकिन्छ। नेपालको तराई मधेसको अस्तित्व जोडिएको चुरे क्षेत्रको संरक्षणमा पनि भेटिभरको प्रवर्द्धन गर्न सकिन्छ। चुरेको अनियन्त्रित दोहनले गर्दा नेपालको अन्न भण्डारको रुपमा रहेको तराई भेगमा सुख्खा, खडेरी, बाढी लगायतका प्राकृतिक बिपतले सधैँ क्षति मच्चाउने गरेको छ। बन फडानी नियन्त्रण, वृक्षरोपण, नदीजन्य खनिज दोहन नियन्त्रण, जलस्रोतको संरक्षणलगायतका कार्यमार्फत चुरे विनास भइरहेको छ। दशौं चुरे संरक्षण दिवस २०८१ को अवसरमा चुरेको माटो चुरेलाई, चुरेको पानी सबैलाई भन्ने नारालाई आत्मसात गर्ने हो भने पनि भेटिभरको प्रवर्द्धनमा लाग्नु पर्दछ। चुरे संरक्षण, यहाँको नदी कटान तथा तटको संरक्षण, पहिरो र भूक्षय नियन्त्रण गर्ने एक मात्र जैविक विकल्प भेटिभर हो भन्ने तथ्यलाई आत्मसाथ गर्नु जरुरी छ।

**के हो भेटिभर ?**

भेटिबर क्रिसोपोगान प्रजातिको एक बहुपयोगी वनस्पति हो, जसलाई नेपाली भाषामा खसखसे भनिन्छ। वैज्ञानिक नाम क्रिसोपोगन जिजानियोइड्स रहेको छ। समुद्री सतहदेखि एक हजार ८०० मिटरका उचाइसम्म खेती गर्न सकिने यस वनस्पतिको मुख्य विशेषता जरामा छ जुन निकै बाक्लो गाँज भई जमिनमा तीन मिटरभन्दा बढी गहिरोसम्म जान्छ। यो विषम किसिमका माटामा हुर्कने तथा सप्रने घेरै कम बिरुवामध्येको एक हो। यस घाँसको द्रुत वृद्धि दर, उच्च बायोमास, स्थानीय प्रजातिहरूमा गैरआक्रमक प्रभाव, प्रदूषणमा सहनशीलता र जराको विशिष्ट व्यवहारको कारणले महत्वपूर्ण छ।

जुनसुकै हावापानी र जस्तोसुकै जमिनमा पनि उम्रन सक्ने एक प्रकारको झार अथवा घाँस हो भेटिभर। झट्ट हेर्दा कुशजस्तो देखिने यो वनस्पति सको वैज्ञानिक नाम क्रिसोपोगन जिजानियोइड्स हो। यसलाई खस-खस भनेर पनि चिनिन्छ। बाह्रैमहिना उम्रिने यो गुच्छेदार घाँस हो। साढे एक मिटरसम्म अग्लो हुने यसका पात उखुको जस्तै तर अलि साँघुरो हुन्छ। डाँठ सिधा र कडा हुन्छ। यसको टुप्पोमा स-साना खैरो प्याजी रङका फूल फुल्छभने यसको सबैभन्दा महत्वपूर्ण भाग भनेकै जरा हो। भेटिवरले लामो समयसम्म खडेरी, बाढी, चरम तापक्रम, उच्च स्तरको लवणता, सोडियम बढी भएको, अम्लता, क्षारीयता र विषाक्त धातुहरुको विस्तृत श्रृङ्खलासहित चरम जलवायु परिवर्तन सहन सक्छ। कुनै पनि मौसम र आगोले समेत प्रभाव नपर्ने घाँस भएकाले जहाँ जहिले पनि लगाउन सकिन्छ।

यो जति काटे पनि पुनः टुसाउने भएकाले वर्षौंसम्म यसको उपयोग हुनसक्छ। खडेरी प्रतिरोधी, नुनिलो र पानी जमेको स्थानमा पनि सजिलै फस्टाउँछ। यसको जराले जमिनमुनिको पानीलाई सतहतर्फ ल्याएर ओसिलो बनाउने हुँदा पानीका मुहान सुक्न दिँदैन। भूमिगत पानीलाई पुनःभरण गर्न पनि सहयोग गर्दछ। त्यसैले खेतीयोग्य ठूलो जग्गा बर्सेनि बगरमा परिणत भएकाले यस्ता जग्गालाई यसको सहयोगमा पुनः कृषि भूमिमै फर्काउन सकिन्छ। बाढी पहिरोबाट खेतीयोग्य जग्गा गुमाएका किसानलाई भेटिभरको सहयोगमा ठूलो राहत पुग्दछ। नदीतटीय क्षेत्रमा हुने बाढीको बहाव, कटान र ज्वारभाटाबाट पनि भेटिभरको बिरुवाले जोगाउनका साथै पानीको उच्च बहावलाई पूर्णरूपमा सुस्त बनाइदिन्छ। नङले जसरी औंलाहरुको सुरक्षा गर्दछ, त्यसरी नै भेटिभरले माटोको संरक्षण गर्ने भएकाले भेटिभरलाई 'जिउँदो माटोको नङ'सँग पनि तुलना गर्न सकिन्छ।

**कसरी हुन्छ पहिरो रोकथाम ?**

भेटिभरले जैविक तटबन्धका रूपमा प्रभावकारी कार्य गर्छ। यस वनस्पतिको जरा तीनदेखि पाँच मिटरसम्म जमिनमुनि बढ्ने हुँदा माटालाई बाँधेर राखी भूक्षय हुन दिँदैन। छिटो बढ्ने र लामो जरा सञ्जाल हुने हुँदा यसले बिरुवा रोपेको छोटो समयमा नै प्रभावकारी काम गर्छ। जमिनमुनिको पानीको प्रवाहलाई फैलाउँछ र बलौटे माटो छान्दछ। भेटिभरको राम्रो गाँज (हेज) ले वर्षाको बहावलाई ७० प्रतिशतसम्म रोक्दछ भने बलौटेपन ९० प्रतिशतसम्म रोक्दछ। नदीतटीय क्षेत्रमा हुने बाढीको बहाव, कटान रोक्न जैविक पर्खालको काम गर्दछ। यसको विरुवा हुर्किएको छ महिनामा नै जरा फैलिएर पानीको बहावसँगै बग्न लागेको माटो निकै कडाइका साथ एकापसमा जोडेर र समातेर राख्दछ।

यसको जरा, बलियो रेसेदार, एक झुण्ड भएर जमिनको १२ फिटभन्दा तल्लो सतहसम्म माटोलाई मजबुत पकड गर्दै गहिराईतर्फ जान्छ। दुई फिटसम्मको गाँजहुने भएकाले एक गाँजको जराले अर्को गाँजको जरासँगको सम्बन्ध बलियो बनाई माटोको रक्षा गर्दछ। जुनसुकै प्रकारको माटोलाई पनि यसको जराले मजबुत पकड गर्दै जमिनको तल्लो सतहसम्मको माटोलाई एकढिक्का गर्दछ। यसबाहेक नदीको धार परिवर्तनको रोकथाममा पनि यसले जैविक इन्जिनियरिङको काम गर्छ। भिरालो जमिनमा लहरै रोपिएका भेटिभरले पानीलाई रोक्ने छेकवारको जस्तै काम गर्छ। यसले पानीको बहावको गति घटाउने र पानीलाई माटोमै शोषण गरी राख्ने भएकाले भूक्षय हुन दिँदैन। ढुङ्गा, बालुवा, मिस्कट भएको जमिनमा पनि यसको जराको झुण्डले ढलान स्थिरीकरण गर्दै कुनै प्रकोपले असर नपार्ने गरी पकड गर्छ। जमिनमाथि यो लगभग पाँच फिट उचाइसम्म जान्छ। चाँडो बढ्ने र जरा फैलने भएकाले कमजोर, बगिरहने माटोलाई निक्कै कडाइका साथ आपसमा जोडेर (बाइन्डिङ गरेर) राख्छ। जमिनमुनि तारजालीजस्तै १० फिटसम्म जान सक्ने भएकाले रोपेको ठाउँमा पहिरो जाने सम्भावना नै हुँदैन भने नदी आसपासमा लगाए कटानलाई सजिलै नियन्त्रण गर्न सकिन्छ।

भेटिभरको उच्च वाष्प ट्रान्सपिरेसन क्षमताको कारणले ओसिलो खपत हुन्छ र प्रदूषकहरूले बोटको वृद्धिलाई इन्धन गर्न सूक्ष्म र म्याक्रोपोषक तत्वको रूपमा काम गर्दछ। जमिनको पानी र सतहको पानीका स्रोतहरूलाई थप संरक्षण हुन्छ। यसले पहिरो पुनर्वास र रोकथाम, जलाधार संरक्षण, नदी किनारा र तटीय संरक्षण गर्छ। भेटिभर यसको जरा संरचना र कठोर वातावरणीय अवस्थाहरूमा सहिष्णुताजस्ता अन्य विशेषताहरूका कारण यो समस्या समाधान गर्नको लागि विशेष रूपमा उपयुक्त छ।

**विश्वमा भेटिभरको प्रयोग**

अफ्रिका, अमेरिका, एसिया महादेश, क्यारेबियन, प्रशान्त तटका विभिन्न मुलुकमा पछिल्लो १० वर्षमा गरिएको अनुसन्धानले बाढीको गति घटाउन र भूक्षय रोक्न भेटिभरको प्रयोग निकै प्रभावकारी भएको देखाएको छ। विश्वमा बाढी, पहिरो, सडकको दायाँबाँया, नदी किनार, सिँचाइ नहर र तटीय क्षेत्रहरुको संरक्षणमा पनि यसको प्रयोग भइरहेको छ। सन् १९९४ मा अस्ट्रेलियाको क्विन्सल्यान्डमा ल्यान्डफिल लिचेट नियन्त्रणको लागि भेटिभर घाँस प्रयोग गरिएको थियो। त्यसबेलादेखि यो अस्ट्रेलिया, चीन, भारत, मेक्सिको, नाइजेरिया, फिलिपिन्स, दक्षिण अफ्रिका, थाइल्यान्ड, अमेरिका र भियतनाममा व्यापक रुपमा प्रयोग गरिँदै आएको छ। भारी धातु र नुन भएको लिचेट (दूषित)लाई भेटिभरको अद्वितीय विशेषताहरूले उपचार गर्दछ। भारत, अमेरिका, केन्या, थाइल्यान्डलगायतका मुलुकका सडक र नदी किनारमा भूक्षय रोक्न भेटिवरको प्रसस्त रुपमा रोपण गरिएको छ। भारतको आन्ध्र प्रदेशमा गरिएको प्रयोगले पानीको वहावमा ६९ प्रतिशत र भूक्षयमा ७६ प्रतिशत कमी आएको देखाएको छ। भेटिवरको प्रयोगले भूक्षयलाई प्रति हेक्टर ११ टनबाट तीन टनसम्म घटाएको पाइएको छ।

सन् २००५ मा ब्रिसबेन, अस्ट्रेलियामा ल्यान्डफिल साइटको छ हेक्टर क्षेत्रफलमा रोपिएको भेटिभरले उत्कृष्ट नतिजा दिएको थियो। विश्वका धेरै देशमा कृषि सबलीकरण तथा गरिबी निवारणका क्षेत्रमा वरदान साबित भएको छ।

**अन्य उपयोगिता**

भेटिभरको प्रयोग बाढी पहिरो नियन्त्रणमा मात्र नभई अन्य विभिन्न उपयोगमा ल्याउन सकिन्छ। जमिनमा रहेका दूषित तत्व सोस्ने हुँदा पानी शुद्धीकरण गरी पानीका मुहान संरक्षण गर्न पनि मद्दत गर्छ। वाग्मती, विष्णुमतीजस्ता नदी शुद्धीकरणका सन्दर्भमा भेटिभर प्रभावकारी

*बाँकी तीन पृष्ठमा*

# 'बालश्रम शोषण व्यवहारमै कार्यान्वयन गरौँ'

सुशील दर्नाल
काठमाडौँ, २९ भदौ (रासस)।

यही भदौ २० गते काठमाडौं महानगरपालिका-१४ कुलेश्वर स्थित एक घरबाट कानून विपरीत बालश्रम गराइराखेको साथै घरधनीबाट यौन दुर्व्यवहार समेत भएको भन्ने गुनासोका आधारमा सरोकारवालाको उपस्थितिमा बालिकालाई उद्धार गरियो। राष्ट्रिय बाल अधिकार परिषद, काठमाडौं महानगरपालिका, बालबालिका खोजतलास समन्वय केन्द्र १०४, बाल हेल्पलाइन १०९८, स्थानीय जनप्रतिनिधि र प्रहरी समेतको सहयोगमा बालिकालाई उद्धार गरी मनोविमर्श र स्वास्थ्योपचारसहित अस्थायी संरक्षणको प्रवन्ध गरियो।

ऐन विपरीत बालबालिकाको श्रम शोषण गर्ने र यौन दुर्व्यवहार गर्ने यो एउटा उदाहरण मात्रै हो। काठमाडौं बालाजुस्थित एक होटलमा १२ वर्षीय मुकेश लामाले दुई वर्षदेखि भाडा माझ्ने काम गर्दै आएका छन्। उनलाई साहुले खान र बस्नका लागि मात्रै व्यवस्था गरेको छ। तर काम गरेबापत कति पनि पारिश्रमिक दिँदैनन्। सुरज र मुकेश जस्तै लाखौँ बालबालिका अहिले पनि यातायात, होटलमा, इँटाभट्टी वा घरायसी कामलगायत विभिन्न क्षेत्रमा लगाएर बालश्रमको शोषणको शिकार भइरहेका छन्। कानुनी व्यवस्थाअनुसार १४ वर्षभन्दा कम उमेरका बालबालिकालाई रोजगारमा संलग्न गराउनु र १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई जोखिमपूर्ण श्रम तथा व्यवसायमा संलग्न गराउनु बालश्रम हो। राष्ट्रिय बाल अधिकार परिषद्का उपाध्यक्ष बमबहादुर बानियाँले परिषद् आफूले बालश्रमका बारेमा अनुगमन गर्ने र परिषद्सम्म आएका मुद्दालाई समाधान गरी बालश्रम अन्त्यका लागि विभिन्न प्रयास गरिरहेको जानकारी दिनुभयो।

श्रममा संलग्न बालबालिकाको सङ्ख्या ११ लाख (बालबालिकाको कूल जनसङ्ख्याको १५ प्रतिशत) रहेको छ जसमा जोखिमपूर्ण श्रममा संलग्न बालबालिकाको सङ्ख्या दुई लाख रहेको छ। अनौपचारिक श्रम क्षेत्र (कृषि, घरेलु, साना होटेल, सार्वजनिक यातायात, निर्माण, माटो, बालुवा तथा गिट्टी खानी)मा बालश्रम प्रभावित मुख्य श्रम क्षेत्रहरू हुन्। कर्णाली र सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी बालश्रम भएको पाइन्छ। मधेस, कर्णाली र सुदूरपश्चिमबाट हरेक वर्ष हजारौं बालबालिका श्रमका लागि भारत जाने गरेका छन्। नेपालको संविधानको धारा ५१ मा राज्यका नीतिअन्तर्गत झ (३) बालश्रमलगायत सबै श्रमका शोषण अन्त्यका प्रतिबद्धता गरेको छ। संवैधानिक रूपमा निषेधित र दण्डनीय, (संविधानको धारा ३९), विशेष कानुन बालश्रम निषेध र नियमित गर्ने ऐन २०५६, सान्दर्भिक कानुनहरू अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५, बालबालिकासम्बन्धी ऐन, २०७५, देवानी अपराध संहिता २०७४, श्रम ऐन २०७४, मानव ओसारपसार तथा बेचबिखन नियन्त्रण ऐन २०६४ बालश्रम शोषणसँग सम्बन्धित छन्। यी ऐन-कानुनको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, बाल संरक्षण तथा विकास शाखाका शाखा प्रमुख दीपक ढकालले मन्त्रालयले बालबालिका श्रम शोषणमा परेको कहीँकतैबाट सूचना आएको खण्डमा मन्त्रालयले तत्कालै उद्दार गरी त्यसको उचित व्यवस्थापन गर्दै आएको जानकारी दिनुभयो।

पूर्णरूपमा बालश्रम अन्त्यका लागि भएका, ऐन-कानुन, संविधान, नियमावलीलगायत नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयनसँगै सबै मिलेर सचेतना अभियान नै सञ्चालन गर्नुपर्ने देखिन्छ। कानुन विपरीत, जबरजस्ती, इच्छा विपरीत कुनै पनि बालबालिकालाई रोजगारीमा लगाउनु वा आयआर्जन गर्ने काममा संलग्न गराउनु बालश्रम हो। कमजोर आर्थिक अवस्था, आमाबुबा इँटा उद्योगमा काम गर्न बसाइँ सर्ने हुँदासँगै आउने गरेको, अभिभावकविहीन, संरक्षकको अभाव, आमाबुबाले वास्ता नगर्नु आदि कारण बालबालिकाले श्रम गर्नुपर्ने बाध्यता रहेको पाइन्छ।

साथीको लहलहैमा लागेर, बाल श्रमिकको समस्यालाई सरकारले प्राथमिकतामा राखी आवश्यक कार्य कार्यान्वयन नगर्नु, पारिवारिक कलह, जन्म दर्ता र नागरिकता नभएको र समावेशी तथा गुणस्तरीय शिक्षामा सबै बालबालिकाको पहुँच नहुँदा पनि कतिपय बालबालिका बालश्रममा लाग्न बाध्य भएका छन्। मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिक बालबालिकाले समयमा खानाको व्यवस्था नहुने, धेरै कम तलब, समयमा तलब नदिने, मालिकले रातिमा सवारीसाधनको व्यवस्था नगर्ने, ग्राहकबाट पैसा नपाउने, यौन शोषणको शिकार हुने, मादकपदार्थ सेवन गरेका ग्राहकले दुर्व्यवहार गर्दा पनि सहनुपर्ने समस्या भोग्दै आएका छन्।

त्यसैगरी इँटाभट्टा, उद्योग कलकारखाना, घरेलु कामदार, यातायात क्षेत्रलगायत विभिन्न क्षेत्रमा काम गर्ने श्रमिक बालबालिकाले मालिकले नराम्रा गालीगलौज गर्दा सहनुपर्ने, विद्यालय जानबाट वञ्चित, शरीरमा घाउ चोट लाग्ने, बिहानै उठनुपर्ने, आराम नपुग्ने, राति ढिलासम्म काम गर्नुपर्ने, अत्यधिक धुवाँ धुलोमा काम गर्नुपर्ने, गरुङ्गो सामग्री उचाल्न, बोक्न पर्नेलगायत समस्या भोग्दै आएका छन्। बालश्रम अन्त्यका लागि स्थानीय, प्रदेश र सङ्घीय गरी तीनै तहका सरकारसँग कानुन भए पनि त्यसको प्रभावकारी कार्यान्वयनमा उदासीनता देखिन्छ। बालश्रम अन्त्यका लागि स्थानीय तह नै जिम्मेवार हुनुपर्छ, स्थानीय तहले नै सचेतना फैलाउनुपर्छ।

शारीरिक, मानसिक, स्वास्थ्य, अभिभावकविहीन, पारिवारिक मायाबाट वञ्चित, कुलतको शिकार, नागरिकता पाउने योग्य उमेरका श्रमिक बालबालिका नागरिकताविहीन र सरकारका विभिन्न कार्यक्रममा श्रमिक बालबालिकालाई सहभागिता नगराउनेलगायतका समस्या भोग्दै आएका छन्। अन्य साथी विद्यालय गएको देख्दा र आफू जान नपाउँदा, खाना समयमा खान नपाउँदा, राति अबेरसम्म सुत्न नपाउँदा, बिरामी भएको समयमा औषधि उपचार गर्न नसक्दा र घरको आर्थिक अवस्थालाई सम्झँदा, श्रमिक बालबालिकालाई नराम्रो अनुभूति हुने गर्छ।

आसमान नेपालले पछिल्लो समय गरेको एक अध्ययनअनुसार प्रायः सबै श्रमिक बालबालिकाले आफ्नो परिवारको आयआर्जनमा सहयोग गर्न र रोजगारीको अवसर प्रदान गर्न सरोकारवालासँग अनुरोध गरेको पाइएको छ। अध्ययनअनुसार श्रमिक बालबालिकाले आफ्नो शिक्षा-पढाइको निरन्तरता राख्न चाहेको र उक्त कार्यका लागि स्थानीय सरकार र अन्य सङ्घ/संस्थाले छात्रवृत्ति तथा शैक्षिक सामग्री सहयोगको अपेक्षा राखेका थिए।

राष्ट्रिय बाल अधिकार परिषद्का अनुसार परिषद्का अनुसार पाँच वर्षअघि बालश्रममा लाग्ने बालपालिको संस्था१६ लाख थियो भने अहिले घटेर ११ लाख मात्रै भएको तथ्य छ। नेपाल बाल श्रम प्रतिवेदन सन् २०२१ अनुसार १० लाख ८० हजार बालबालिका श्रममा रहेका छन्। समग्र बालबालिकाको जनसङ्ख्यामा बालश्रममा रहेका बालबालिकाको १६ प्रतिशत हुन आउँछ। त्यसमा दुई लाख बालबालिकालाई अत्यन्त जोखिमपूर्ण श्रम शोषण भएको देखिन्छ। कर्णाली प्रदेशमा २५ प्रतिशत, सुदूरपश्चिममा लगभग २१ प्रतिशत र कोशी प्रदेशमा करिब १८ प्रतिशत बालबालिका श्रम शोषणमा रहेका छन्। समग्रमा दलित समुदायको बालबालिका २० प्रतिशत श्रम शोषणमा परेका छन्।

राष्ट्रिय श्रम शक्ति सर्वेक्षण प्रतिवेदनअनुसार करिब २१ लाख ४० हजार बालबालिका आर्थिक रूपमा सक्रिय रहेका छन्। प्रतिवेदनअनुसार १६ लाख बालबालिका श्रमिककै रूपमा कार्यरत थिए भने तीमध्ये छ लाख २० हजार बालबालिका निकृष्ट प्रकारको श्रममा संलग्न रहेका थिए। बालबालिकाको वृद्धि र विकासमा नकारात्मक असर पार्ने काम गराउनु नै बालश्रम हो। बालबालिकालाई शिक्षा, खेलकुद, मनोरञ्जनका सट्टामा उनीहरूको शारीरिक, मानसिक, सामाजिक तथा नैतिक विकासको गतिविधिमा बाधा वा अवरोध हुने गरी काममा लगाउनु बालश्रम हो। हालसम्म बाल सहभागिताको बाल क्लब र यसमा आबद्ध बालबालिकाका बारेमा छलफल र विचार विमर्श हुने गरेका छन् तर श्रमिक बालबालिकाको सहभागिताको विषय हालसम्म छलफल र विमर्शमा आउन सकेको छैन।

विशेषगरी बालश्रम न्यूनीकरण या निर्मूलनका लागि तीनै सहरका सरकार तथा सबै क्षेत्रमा अवधारणागत समान बुझाइ र निरन्तर सहकार्य गर्न आवश्यक छ। बालश्रम मानव विकासका लागि एक प्रमुख अवरोध हो भने नेपालको निम्ति समृद्धिका लागि प्रमुख चुनौती हो भन्ने बुझ्दाबुझ्दै पनि अहिले हरेक क्षेत्रमा अत्यधिक बालश्रम शोषण भइरहेको छ। सरकार र सरोकारवाला सङ्घ/संस्थाले अनुगमनलाई अझै सक्रिय बनाउँदै दोषीमाथि कारवाही गर्नुपर्ने र बालश्रममा लाग्ने बालबालिकाको व्यवस्थापन गर्नुपर्ने देखिन्छ। यस वर्ष "बालबालिकामा लगानी : सुनिश्चित भविष्यको थालनी" भन्ने नारासहित ६०औँ राष्ट्रिय बाल दिवस-२०८१ मनाइँदै छ। हरेक वर्ष नारा तय गर्दै दिवसलाई औपचारिक कार्यक्रममा मात्रै सिमित गर्नेभन्दा पनि सरकारले बालश्रम शोषणलाई व्यावहारिक रुपमै कार्यान्वयन गर्नुपर्ने देखिन्छ। बालश्रम निर्मूलका लागि मुलुकले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा व्यक्त गरेको प्रतिबद्धता, तर्जुमा भएका कानुन, नीति, योजना तथ्य कार्यक्रमहरू तदनुरूप प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ।

## पहिरो रोकथामका...

जैविक अस्त्रका रूपमा अग्रणी रहन सक्छ। बाँझो, बन्जर, विभिन्न औद्योगिक तथा रासायनिक फोहोर व्यवस्थापनका कारणले प्रदुषित भूमि पुनःस्थापनाको प्रभावकारी जैविक विकल्प भेटिभर हो। यसको जराले धमिलो पानीलाई समेत छानेर सफा बनाउँछ। ल्यान्डफिल साइटहरूमा धेरै पानी लिने केरा र उखुभन्दा पनि यो वनस्पति उत्तम देखिएको छर। घना र तिखारिएका पात हुने भएकाले कुनै जीवजन्तुले पनि नखाने हुँदा खेतबारीमा बारको रुपमा पनि प्रयोग गर्न सकिन्छ।

गरिबी निवारणको प्रभावकारी समाधान भनेको रोजगारीको अवसर सिर्जना गर्नु हो। खेतीयोग्य ठूलो जग्गा बर्षेनी बगरमा परिणत भएकाले यस्ता जग्गालाई भेटिवरको सहयोगमा पुनः कृषि भूमिमै फर्काउन सकिन्छ। नेपालमा विभिन्न कारणले १० लाख हेक्टर जग्गा बगर तथा बाँझो रूपमा छ। भेटिवरको खेती गरेपछि बगर जग्गा उर्वर भूमिमा परिणत हुन्छ। बाढीले बगरमा परिणत गरेका जग्गाधनी किसानलाई पनि रोजगारीको अवसरमा जोड्न सकिन्छ। खेतबारीको बीच भागमा अन्य खेती गरे पनि यसलाई वरिपरि बारको रूपमा समेत लगाउन सकिन्छ। आगो लगाउँदासमेत नमासिने हुँदा यसले वनजङ्गलमा लाग्ने डढेलो नियन्त्रणमा पनि सहयोग पुग्दछ।

भेटिभर हरित इन्धनको एक महत्वपूर्ण स्रोत पनि हो। भेटिभरलाई हरित इन्धन उत्पादनमा कच्चा पदार्थका रूपमा प्रयोग गर्न सकिन्छ। यसबाट बायोमास, बायोग्यास र बायो सिएमजी उत्पादन गर्न सकिन्छ। हाल नेपालले वार्षिक झन्डै रु तीन खर्बको खनिज इन्धन आयात गरिरहेको छ। ग्रामीण क्षेत्रमा दाउरा मुख्य ऊर्जाका रूपमा प्रयोग भइरहेका अवस्थामा भेटिभरबाट उत्पादन हुने ब्रिकेटले रुख कटान नियन्त्रण गर्न भूमिका खेल्छ। त्यति मात्र होइन, भेटिभरको डाँठबाट विभिन्न हस्तकलाका सामान र जराबाट अत्तर बनाउन सकिन्छ। भेटिभरको समुचित प्रयोगमार्फत दिगो विकासको अवधारणान्तर्गतका १७वटा लक्ष्य पूरा गर्न सहयोग पुग्दछ। गरिबी निर्मूलीकरण, भोकमरी उन्मूलन, राम्रो स्वास्थ्य र जनकल्याण, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता, स्वच्छ पानी र सरसफाइ, किफायती र स्वच्छ ऊर्जा, सभ्य काम र आर्थिक वृद्धि, उद्योग, नवप्रवर्तन र पूर्वाधार, समानता, दिगो सहर र समुदाय, जिम्मेवार उपभोग र उत्पादन, जलवायु कार्य, पानीमुनिको जीवन, भूमिमा जीवन, शान्ति, न्याय र बलियो संस्था तथा लक्ष्यहरूका लागि साझेदारी सन्दर्भमा भेटिभरले महत्वपूर्ण योगदान दिन सक्दछ।

# विश्व समाचार

## कश्मिरमा विधानसभा निर्वाचन नजिकिँदै गर्दा झडपमा वृद्धि

नयाँदिल्ली, २९ भदौ (रासस/एएफपी)।

विवादित हिमालय क्षेत्र जम्मु-कश्मिरमा एक दशकमा हुनलागेको विधानसभा निर्वाचनको केही दिनअघि कश्मिरमा भएको सन्दिग्ध आतङ्कवादीसँगको गोली हानाहानमा दुई भारतीय सैनिकको मृत्यु हुनुका साथै अन्य दुई जना घाइते भएका छन्।

भारत प्रशासित कश्मिरमा दश वर्षपछि हुनलागेको पहिलो विधानसभाको चुनाव नजिकिँदै गर्दा विद्रोही र सुरक्षा बलबिच झडप बढेको देखिएको छ।

"बहादुरको सर्वोच्च बलिदान" लाई श्रद्धाञ्जलि दिँदै शुक्रबार किश्तवाड जिल्लामा गोली हानाहान भएको भारतीय सेनाले सामाजिक सञ्जाल एक्समार्फत बताएको छ। सन् १९४७ मा ब्रिटिस शासनबाट स्वतन्त्र भएदेखि नै कश्मिर भारत र पाकिस्तानबीच विभाजित भएको हो र दुवै देशले यसलाई पूर्ण रूपमा दावी गर्दै आएका छन्।

विद्रोहीहरूले स्वतन्त्रता वा पाकिस्तानसँग विलयको माग गर्दै दशकौँदेखि भारतीय सेनासँग लडिरहेका छन्। पैतिस वर्षदेखि द्वन्द्वको सामना गरिरहेको जम्मु-कश्मिर क्षेत्रमा करिब ५ लाख भारतीय सेना तैनाथ गरिएको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले यसको आंशिक स्वायत्तता रद्द गरेपछि सन् २०१९ देखि यो क्षेत्र निर्वाचित स्थानीय सरकारबिना रहेको छ। सेप्टेम्बर १८ बाट सुरु हुने निर्वाचनमा कुल ८.७ मिलियन मानिस यस क्षेत्रको विधानसभामा मतदान गर्न योग्य छन्, जसको परिणाम अक्टोबरमा हुने अपेक्षा गरिएको छ।

## गाजामा इजरायली आक्रमण हुँदा एकै परिवारका ११ जनाको मृत्यु

गाजापट्टी, २९ भदौ (रासस/एएफपी)।

गाजाको नागरिक सुरक्षा विभागले शनिबार बिहान गाजा सहरको एउटा घरमा भएको इजरायली हवाई आक्रमणमा महिला र बालबालिकासहित एकै परिवारका ११ जनाको मृत्यु भएको बताएको छ।

"पूर्वी गाजा सहरमा बुस्तान परिवारको घरमा भएको इजरायली आक्रमणबाट हामीले चार बालबालिका र तीन महिलासहित ११ जनाको शव फेला पारेका छौँ", विभागकाका प्रवक्ता महमुद बस्सलले बताउनुभयो।

गाजा सहरको अल-तुफाहमा रहेको सुजैया विद्यालय नजिकै आक्रमण भएको उहाँले बताउनुभयो। "उद्धारकर्ताले बेपत्ता व्यक्तिहरूको खोजी जारी राखेका छन", बस्सलले भन्नुभयो।

इजरायली सेनाले आक्रमणबारे तत्काल कुनै टिप्पणी गरेको छैन। बस्सलले इजरायली सेनाले हमासद्वारा सञ्चालित क्षेत्रका केही अन्य भागमा रातारात यस्तै आक्रमण गर्दा कम्तिमा १० जनाको मृत्यु भएको बताउनुभएको छ।

उत्तरपश्चिमी गाजा सहरमा दार अल-अर्काम विद्यालय नजिकै मानिसको भीडमा हवाई आक्रमण हुँदा पाँच जनाको मृत्यु भएको उहाँले जानकारी दिनुभएको छ त्यसैगरी, दशौँ हजार विस्थापित प्यालेस्टिनीहरूले शरण लिएको दक्षिणी खान युनिस प्रान्तको अल-मवासी क्षेत्रमा भएको आक्रमणमा अन्य तीन जनाको मृत्यु भएको छ।

## सुडानका महिला तथा बालबालिकालाई विशेष सुरक्षाको आवश्यकता छ : राष्ट्रसंघ

संयुक्त राष्ट्रसङ्घ, २९ भदौ (रासस/एएफपी)।

मुलुकमा व्याप्त गृहयुद्धबाट ग्रसित सुडानी महिला तथा बालबालीका खाना, पानी र सुरक्षाका लगायतका आधारभूत आवश्यकताबाट वञ्चित रहेकाले उनीहरुलाई विशेष सुरक्षाको आवाश्यकता रहेको राष्ट्रसङ्घका अधिकारीले शुक्रबार बताउनुभएको छ।

सुडानमा चलिरहेको द्वन्द्व मानवता विरोधी द्वन्द्वको भयानक स्वरुप भएको संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोषकी क्षेत्रीय निर्देशक लैला बेकरले बताउनुभयो।

उहाँले द्वन्द्वग्रस्त क्षेत्रमा सफा पानी, स्वच्छता तथा खानाका लागि पर्याप्त खाना र चिकित्सा सेवा अभाव रहेको बताउनुभएको छ।

सुडानमा चलेको १६ महिना भन्दा बढीको युद्धले दशौँ हजार मानिसहरूको ज्यान लिनुका साथै एक करोड भन्दा बढीलाई विस्थापित गरेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

सुडानी महिला तथा बालबालीकाहरुले द्वन्द्वसँगै शारीरिक तथा मानसिक हिंसा भोग्न बाध्य रहेको उल्लेख गर्दै उहाँले उनीहरुलाई सहज जिवनयापनको लागि विशेष सहयोगको आवाश्यकता रहेको जनाउनुभएको छ।

बेकरले सहायताका लागि थप समर्थनको आह्वान गर्दै "बच्चाहरु एकै पटकमा दुईतीन वटा संक्रमणबाट ग्रसित भएकाले नियन्त्रणको लागि उपचारको व्यवस्था नभएको जनाउनुभएको छ।

आफुले महिला तथा बालबालिकाको दुखद कथाहरू सुनेको बताउदै उहाँले यी अनगिन्ती पीडाको बारेकमा खुलेर भन्न नसकिने उनीहरूलाई पानी, खाना लगायतका आधाभुत आवश्यकता भन्दा बढी सुरक्षा चाहिने बताउनु भएको छ।

# चालु शैक्षिक सत्रमा पाठ्यपुस्तक बिक्रीमा कमी

जनकपुरधाम (धनुषा), २९ भदौ (रासस)।
चालु शैक्षिक सत्र २०८१ मा जनक शिक्षा सामग्री केन्द्र प्रादेशिक कार्यालय जनकपुरधामबाट पाठ्यपुस्तक बिक्रीमा कमी आएको छ।

कार्यालयले गत शैक्षिक सत्र २०८० मा रु २६ करोडको पुस्तक बिक्री गरेकामा चालु शैक्षिक सत्रको वैशाखदेखि साउनसम्ममा रु २३ करोड ३० लाखको बिक्री भएको जनाएको छ।

सरकारको पूर्ण स्वामित्व रहेको कार्यालयबाट गत शैक्षिक सत्रको तुलनामा चालु शैक्षिक सत्रमा रु दुई करोड ७० लाखले पाठ्यपुस्तक बिक्रीमा कमी आएको कार्यालयका प्रमुख रुद्र खनालले जानकारी दिनुभयो। उहाँका अनुसार चालु शैक्षिक सत्रमा कार्यालयले कक्षा १ देखि कक्षा १२ सम्मका २२ लाख ६४ हजार छ सय ८३ थान पुस्तक बिक्री गरिएको छ।

मधेस प्रदेशको आठ जिल्लासहित पहाडी जिल्ला ओखलढुङ्गा, उदयपुर र सिन्धुलीमा रहेका ९६ आधिकारिक बिक्रेतामार्फत सो सङ्ख्यामा पाठ्यपुस्तक बिक्री भएको उहाँले उल्लेख गर्नुभयो।

विद्यार्थीसँग पुरानो पाठ्यपुस्तक हुनु, कतिपय विद्यार्थीले बीचमा पढाइ छाड्नुलगायत कारणले गत शैक्षिक सत्रको तुलनामा यस वर्ष पाठ्यपुस्तक बिक्रीमा कमी आएको हुनसक्ने प्रमुख खनालले बताउनुभयो। उहाँका अनुसार अहिले कार्यालयमा आठ लाख थान पाठ्यपुस्तक मौज्दात छ

केन्द्रले कक्षा १ देखि १० सम्मका विद्यार्थीलाई पूर्ण रुपमा निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउँदै आएको छ। साथै कक्षा ११ र १२ का अङ्ग्रेजी, नेपाली र सामाजिक विषयको पाठ्यपुस्तक भने विद्यार्थीले खरिद गर्नुपर्ने प्रावधान रहेको छ।

विद्यार्थीलाई शिक्षातर्फ आकर्षित गर्न प्राथमिक तहमा अनिवार्य शिक्षा तथा माध्यमिक तहमा निःशुल्क शिक्षा दिने सङ्घीय सरकारको नीतिअनुसार जनक शिक्षा सामग्री केन्द्रले पाठ्यपुस्तक छपाइ गर्दै आएको हो। केन्द्रले तोकिएका बिक्रेतामार्फत पाठ्यपुस्तक खरिद गर्ने र सोको भुक्तानी सम्बन्धित पालिकामार्फत दिँदै आएको जनाएको छ।

# 'स्थानीय अधिकार बलियो बनाउन एकापसमा सहकार्य आवश्यक'

काठमाडौँ, २९ भदौ (रासस)।
काठमाडौँ जिल्लाका स्थानीय तह, प्रदेश तथा सङ्घीय कार्यालयहरुबाट आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित कार्यक्रम तथा आयोजनाबारे सरोकारवाला पक्षसँग अनुभव आदान प्रदान गरिएको छ।

बबहरमहलस्थित जिल्ला समन्वय समितिको कार्यालयमा शुक्रबार सम्पन्न कार्यक्रममा काठमाडौँ जिल्लाका महानगरपालिका तथा अन्य दश नगरपालिकाको एक वर्षभित्रका कार्ययोजना, बजेट विनियोजन, पूर्वाधार निर्माण, सामाजिक विकास, सामाजिक तथा आर्थिक रुपान्तरणका कार्यक्रम, खर्चको अवस्था र बेरुजुको अवस्थाबारे समीक्षा गरिएको हो।

कार्यक्रममा सहभागी स्थानीय तहका प्रतिनिधिहरुले तीन तहका सरकारले आफ्ना अधिकारलाई जनहितमा प्रयोग गर्नुपर्ने बताए। कार्यक्रममा अवसर र चुनौतीबारे अनुभव आदानप्रदान गरिएको थियो। आगामी दिनमा स्थानीय अधिकार थप बलियो बनाउन एकापसमा सहकार्य, समन्वय साथै पुँजीगत खर्च वृद्धि, बेरुजु न्यूनीकरणलगायत विषयमा संवेदनशील हुनुपर्नेमा सहभागीले जोड दिएका छन्।

काठमाडौँका जिल्ला समन्वय अधिकारी लक्ष्मण विक्रम थापाले स्थानीय तहको पूर्वाधार विकासमा सम्बन्धित जिल्लाको भूमिका तथा जिम्मेवारी सशक्त बनाउन आवश्यक रहेको बताउँदै त्यसका लागि समितिलाई थप अधिकार र सुविधा सम्पन्न बनाउन आवश्यक रहेको बताउनुभयो।

काठमाडौँ महानगरपालिका योजना अनुगमन तथा मूल्याङ्कन इकाई प्रमुख सुमित्रा लामिछानेले सो महानगरपालिकाले गत आवमा रु २४ अर्ब १९ करोड ८४ लाख ८५ हजार बजेट विनियोजन गरिएकोमा १२ अर्ब ३४ करोड ५२ लाख ९४ हजार खर्च गरेको जानकारी दिनुभयो।

दुई दिवसीय कार्यक्रममा अन्य नगरपालिकाको कार्य प्रगतिका साथै सांस्कृतिक, सामाजिक पक्षबारे प्रस्तुतीकरण गरिएको थियो।

# उपसभामुखलाई हटाउन नहुने

मोरङ, २९ भदौ (रासस)।
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्डले उपसभामुख इन्दिरा रानालाई पदबाट हटाउन नहुने जिकिर गर्नुभएको छ।

शनिबार विराटनगर विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले बालबालिकाको उन्नयनका खातिर निःस्वार्थ सेवा गरेकी जनजाति महिलालाई पदबाट हटाउन उपयुक्त नहुने धारणा व्यक्त गर्नुभयो।

जनजाति तथा बालबालिकाका क्षेत्रमा महत्वपूर्ण योगदान गर्नुभएकी उहाँलाई हटाउनु उचित हुँदैन, यसबाट सत्तापक्ष पछिहट्ने मेरो विश्वास छ", पूर्वप्रधानमन्त्री दाहालले भन्नुभयो।

फरक प्रसङ्गमा अध्यक्ष दाहालले संवैधानिक परिषद्को हिजोको बैठकमा प्रधानन्यायाधीशमा आठ जनाको सिफारिस भएको जानकारी दिँदै ज्येठताका आधारमा नयाँ प्रधानन्यायाधीश नियुक्त हुनुपर्नेमा जोड दिनुभयो। पूर्वप्रधानमन्त्री दाहालले व्यवस्था परिवर्तनका लागि माओवादी केन्द्रले ठूलो त्याग र बलिदान गरेकाले सबै प्रदेशमा पार्टीलाई सुदृढ गर्ने अभियानमा आफू लागेको बताउनुभयो।

अर्को प्रसङ्गमा अध्यक्ष दाहालले भन्नुभयो,"प्रतिनिधिसभाले 'हिंसा' शब्द अभिलेखबाट नहटाएसम्म संसद् अवरुद्ध हुने छ।"


## जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
## राजबिराज–४,सप्तरी

**शिलबन्दी दरभाउपत्र आव्हानको १५ दिने सुचना**

**प्रथम पटक प्रकाशित मिति २०८१/०५/३० गते**

यस जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि. ले तपशिल बमोजिमका मेशिनरी तथा उपकरण सामानहरुको खरिद शिलबन्दी दरभाउ पत्रको माध्यम बाट गर्नु पर्ने भएकोले नेपाल सरकार बाट मान्यता प्राप्त सप्लायर्सहरु /आपुर्ती कर्ताहरु /निर्माण व्यावसायीहरु लाई आ-आफनो स्थाई लेखा नं. तथा मु.अ.करमा दर्ता भएको प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र र कालो सुचिमा नरहेको स्वघोषण पत्र संलग्न राखी निम्न अनुसारको शर्तहरुको अधिनमा रही मिति २०८१/०६/१३ गते दिनको **१२** बजे भित्रमा रितपुर्वक शिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ।

**शर्तहरु :**
(१) ईच्छुक सप्लायर्स / आपुर्तीकर्ता /निर्माण व्यावसायीले यस संस्थाको उप–आयोजनाको लागी आवश्यक मेशिनरी तथा उपकरण सम्बन्धि थप जानकारी यस संस्थाको कार्यालय बाट प्राप्त गर्न सक्नेछ।
(२) ईच्छुक सप्लायर्स/ आपुर्तीकर्ता /निर्माण व्यावसायीले दरभाउ पत्र **(Bid document)** वापतको रु.१०००/– (अक्षरुपी एक हजार मात्र) पछी फिर्ता नहुनेगरी बैंकमा जम्मा गरेको भौचर पेश गरी वा सोम्फै कार्यालयमा नगद जम्मा गरीलिन सक्नेछ।
(३) ईच्छुक सप्लायर्स/ आपुर्तीकर्ता /निर्माण व्यावसायीले शिलबन्दी दरभाउ पत्र पेश गर्दा नेपाल सरकारले तोके अनुसारको बैंक जमानत रकम **(Bid guarantee)** को बैंक भौचर वा सोम्फै नगद रकम यस संस्थाको कार्यालयमा बुझाउनु पर्नेछ।
(४) तोककिएको समय भन्दा पछाडि पेश हुन आएका दरभाउ पत्र मान्य गरिने छैन। मिति २०८१/०६/१३ गते दिनको **१** बजे यसै संस्थाको कार्यालयमा संस्थाका पदाधिकारीहरु र सप्लायर्स/ आपुर्तीकर्ता /निर्माण व्यावसायीको तर्फबाट आएका प्रतिनिधीहरुको रोहबरमा पेश भएका दरभाउ पत्र खोलिनेछ।

**तपशिल :**

| ठेक्का नं. | खरिद गर्नुपर्ने सामानहरुको विवरण | बैंक जमानत रकम रु. | कैफियत |
|---|---|---|---|
| JBSSL-2081/82-01 | ➢ **कृषि मेशिनरी तथा उपकरण**<br>• चिलिङ्ग भ्याट (२००० लि.)–१सेट<br>• मिल्क एनालाईजर (With Computer) –१ सेट<br>• जेनेरेटर (20 KVA 3P) –१सेट<br>• काउ म्याट –६० थान<br>• दुध क्यान २५ लि.(Stainless Steel) –७० थान<br>• डिप फ्रिज (३५० लि.)–५ थान<br>• क्रिम सेपरेटर (५०० लि.)–२ थान<br>• डिजिटल तराजु (१०० के.जी.)–२ थान<br>• च्याफ कटर (२ एच पी,३ रोलर,)–४ थान | १,०५,४१५/– | शिलबन्दी दरभाउ पत्र |

**बैंक खाताको विवरण :**
नाम : **JANAMUKHI BAHUDESHIYA SAHAKARI SANSTHA LIMITED**
बैंक : **NABIL BANK LIMITED**
खाता नं. : **24601017500367**
**संस्थाको कार्यालयको ठेगाना :** जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, राजबिराज–४, नेताचौक, सप्तरी
फोन नं. **०३१५३२८२५**



# लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु। - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु। - आँखाको गेडी दुख्नु। - अत्याधिक टाउको दुख्नु। - शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं। - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं। - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं। - पानी राखेको भाँडालाई छोपेर राखौं। - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

## अनुरोधकर्ता : महादेवा गाउँपालिका, सप्तरी



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*